नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार आषाढ २० गते देशभरका विभिन्न सीमानाकाहरूबाट ३,१०१ नेपाली नागरिकहरूले नेपाल प्रवेश गरेका छन्। आषाढ २० गते क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता र नियम पालनाका लागि १६२ स्थान तथा अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन २८८ स्थानमा अनुगमन गरिएको छ। अनुगमनको क्रममा देशभर पर्याप्त मात्रामा अक्सिजन सिलिण्डर मौज्दात रहेको छ। हालसम्म निषेधाज्ञा अवज्ञा गर्ने २,००,३११ सवारीसाधन र मास्क नलगाई हिंडडुल गर्ने ४,६४,५६० व्यक्तिलाई कारवाही गरिएको छ। विगत २४ घण्टामा १,०७६ सवारीसाधन र मास्क नलगाई हिंडडुल गर्ने १,२१६ व्यक्तिलाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ५४,९१,०९० थान मेडिकल उपकरणहरू, ७ एम.टि.क्यू अक्सिजन र २० के.जी. कोभिड-१९ टेस्ट किट लगायतका औषधीहरू पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्था रहेको छ। संयुक्त बजार अनुगमन टोलीबाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा एक वटा स्वास्थ्य सामग्री पसल र एक खाद्य पसलमा अनुगमन गरिएको छ। अत्यावश्यक दैनिक उपभोग्य वस्तुको आपूर्ति तथा मौज्दात पर्याप्त रहेको छ।

२०७८/०३/२१

किरणराज शर्मा
सहसचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np